# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ६ मितिः २०८२।०९।२९

## भाग — २

## शिवराज नगरपालिका स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले यो **"शिवराज नगरपालिका स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२"** बनाई लागू गरेको छ ।

# शिवराज नगरपालिका स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२

*नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०८/१९*

**प्रस्तावना**

उद्यमशिलता मार्फत रोजगारी सिर्जना गरी युवाहरुलाई स्वदेशमै रहने वातावरण सिर्जना गर्न शिवराज नगरपालिका क्षेत्रमा नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्दै सहुलियतपूर्ण कर्जा सञ्चालन कार्यलाई सरल स्पष्ट व्यवस्थित र पारदर्शी बनाउन आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), शिवराज नगरपालिकाको स्टार्टअप उद्यम कर्जा कोष ऐन, २०८२ र शिवराज नगरपालिकाको विनियोजन ऐन, २०८२ को दफा (५) ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिका नगरकार्यपालिकाले **शिवराज नगरपालिका स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२** जारि गरेको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम शिवराज नगरपालिका स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२ रहेको छ।

ख) यो कार्यविधि शिवराज नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२ **परिभाषा** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**क** "उद्यमी" भन्नाले दफा ४ मा उल्लेखित उद्यम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो उद्यम गर्ने साझेदारी फर्म समेतलाई जनाउँछ।

**ख** "कर्जा" भन्नाले स्टार्टअप उद्यमको लागि दफा १० को उपदफा (२) बमोजिम प्रदान गरिने कर्जा सम्झनु पर्छ।

**ग** "कोष" भन्नाले शिवराज नगरपालिकाको स्टार्टअप उद्यम कर्जा कोष ऐन, २०८२ को दफा ३ बमोजिम स्थापना भएको कोषलाई सम्झनुपर्छ।

**घ** " परियोजना प्रस्ताव" भन्नाले स्टार्टअप उद्यम सञ्चालन गर्ने उद्यमीले अनुसूची -२ बमोजिम ढाँचामा पेश गरेको परियोजना प्रस्ताव सम्झनु पर्छ।

**ङ** "प्रतिष्ठान" भन्नाले सरकारी निकायमा दर्ता कायम भएको कुनै उद्यम तथा व्यापार गर्ने व्यवसाय सम्झनुपर्छ।

**च** "बैङ्क/वित्तिय/सहकारी संस्था" भन्नाले दफा ३ बमोजिम तोकेको कर्जा प्रवाह गर्ने बैङ्क/वित्तिय/सहकारी संस्था सम्झनु पर्छ।

**छ** "समिति" भन्नाले दफा ६ बमोजिम स्टार्टअप उद्यम कर्जा कार्यान्वयन सहजिकरण समिति सम्झनु पर्छ।

**ज** "स्टार्ट उद्यम" भन्नाले नविन प्रविधि एवम् सृजनशील सोचको प्रयोग गरी कुनै वस्तु वा सेवाको उत्पादन वा सञ्चलान वा वितरण प्रक्रियामा स्तरोन्नतीको सम्भावना रहेको उद्यम सम्झनु पर्छ।

**झ** "सहभागी" भन्नाले स्टार्टअप उद्यममा सहभागि हुन चाहेको दफा ४ बमोजिम उद्यम तथा व्यापार गरेको शिवराज नगरपालिकाको स्थानीय बासिन्दा सम्झनु पर्दछ।

ञ सहकारी भन्नाले शिवराज नगरपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारीलाई सम्झनु पर्दछ ।

३ **कर्जा प्रवाह प्रक्रिया** (१) नगरपालिकाले नगरसभाबाट स्टार्ट उद्यम कर्जा प्रवाहको लागि विनियोजित गरेको रकम वा स्टार्ट अप उद्यम कोषमा रहेको रकम बैङ्क/वित्तिय/सहकारी संस्थालाई उपलब्ध गराउन सक्नेछ र सो बमोजिमको रकम सम्बन्धित बैङ्क/वित्तिय/सहकारी ले छुट्टै खाता खोली छनोटमा परेको उद्यमलाई कार्य प्रगतिका आधारमा नगरपालिकासंगको सम्झौता बमोजिम कर्जाको रुपमा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले उपलब्ध गराएको रकम उक्त उद्यम सञ्चालन गर्ने कम्पनि, प्रतिष्ठान, उद्योग व्यवसायहरुको नाममा उपलब्ध गराउनुपर्नेछ । तर उक्त रकम प्राप्त गर्ने प्रतिष्ठान संघीय, प्रादेशिक वा स्थानीय सरकारको निकायहरुमा दर्ता भएको हुनुपर्नेछ ।

४ **स्टार्टअप उद्यम वा व्यवसायको मापदण्ड तथा योग्यता :**

(१) स्टार्टअप उद्यम वा कर्जा प्रवाह गर्ने प्रयोजनको लागि देहायका मापदण्ड तथा योग्यता पूरा गरेका उद्यम वा व्यवसाय कर्जा सुविधाका लागि योग्य हुनेछनः

(क) प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको ।

(ख) स्थानीय श्रोत साधन कच्चा पदार्थ श्रम र सिपको परिचालन गर्ने ।

(ग) कम्तिमा ३ जनालाई रोजगार प्रदान गर्ने ।

(घ) स्थिर पूँजी (घर जग्गाको मूल्य बाहेक) रु. २५ लाख भन्दा बढी नभएको ।

(ङ) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण प्रक्रियामा उपभोक्ताले भोग्दै आएको समस्यालाई समाधान गर्न सूचना प्रविधिको उपयोग एवं सृजनशिल सोचको प्रयोगको कार्य गर्न सक्ने सोच।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस कार्यविधि बमोजिम कर्जा प्रवाहा गर्ने प्रयोजनका लागि देहाययका उद्यम व्यवसायलाई स्टार्टअप उद्यम मानिने छैनः-

(क) प्रचलित कानून बमोजिम नेपालमा दर्ता नभएको,

(ख) सूचना प्रविधि एवं नविनतम् सोचको प्रयोग नगरी वस्तु वा सेवा विदेशबाट आयात गर्ने कार्य,

(ग) विद्यमान कम्पनी वा व्यवसायलाई टुक्राएर वनाइएको वा सहायक कम्पनी वा फर्मको रुपमा काम गर्ने,

(घ) कर्जा सूचना केन्द्रमा कालोसूचिमा परेको वा त्यस्तो व्यक्तिबाट सञ्चालन भएको,

(ङ) कर प्रयोजनको लागि स्थायी लेखा नम्बर नलिएको,

(च) होल्डिङ्ग कम्पनिको रुपमा औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम मझौला वा ठूला उद्योगको वर्गिकरणमा पर्ने उद्यम,

(छ) प्रचलित कानूनले प्रतिबन्ध लगाएका अन्य विषय।

**५ स्टार्टअप उद्यमको क्षेत्रः** स्टार्टअप उद्यमको रुपमा सञ्चालन गर्न सकिने उद्यमका क्षेत्र देहाय बमोजिम हुनेछनः-

(क) कृषि तथा पशुपनछीमा आधारित,

(ख) वन (जडीबुटी वन पैदावार) मा आधारित,

(ग) पर्यटन प्रवर्द्धनमा तथा मनोरञ्जन र अतिथि सत्कार सँग सम्बन्धित,

(घ) विज्ञान प्रविधि सञ्चार तथा सूचना प्रविधिमा आधारित,

(ङ) मानव स्वास्थ्य सेवासँग सम्बन्धित,

(च) शिक्षा तथा शिक्षण सिकाईसँग सम्बन्धित,

(छ) सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित,

(ज) पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित,

(झ) अटोमोबाइलसँग सम्बन्धित,

(ञ) परम्परागत प्रविधि उत्पादन र सेवा प्रवाहको प्रक्रियामा सुधारसँग सम्बन्धित,

(ट) खानी तथा खनिज अनुसन्धान र विकाससँग सम्बन्धित,

(ठ) घरायसी वा दैनिक जीवनयापनलाई सरल सहज सुरक्षित बनाउन सहयोग पुग्ने,

(ड) खाद्य उत्पादन तथा प्रशोधन,

(ढ) फोहोरमैला व्यवस्थापन तथा वातावरण।

**६ .स्टार्टअप उद्यम कार्यान्वयन समितिः**

(१) स्टार्टअप उद्यम कार्यक्रम सुव्यवस्थित रुपले संचालन गर्न स्टार्टअप उद्यम छनौट गर्न स्टार्टअप उद्यमलाई प्रवर्द्धन अनुकुल इकोसिष्टमा निर्माण एवं नवप्रवर्तनलाई संरक्षण तथा प्रवर्द्धन गरी स्टार्टअप उद्यमलाई आवश्यक नीतिगत आर्थिक प्राविधिक लगायतका क्षेत्रहरुमा कार्यक्रम गर्न देहाय बमोजिमको एक स्टार्टअप उद्यम कार्यान्यन समिति रहनेछः-

| | |
|---|---|
| (क) नगर प्रमुख | -संरक्षक |
| (ख) नगर उपप्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) आर्थिक विकास समिति संयोजक | - सदस्य |
| (ङ) सामाजिक विकास समिति संयोजक | - सदस्य |
| (च) अधिकृत कृषि विकास शाखा | - सदस्य |
| (छ) अधिकृत आर्थिक प्रशासन शाखा | - सदस्य |
| (ज) रोजगार संयोजक | - सदस्य |
| (झ) अधिकृत आर्थिक विकास शाखा | - सदस्य सचिव |

(२) समितको बैठक आवश्यकता अनुसार संरक्षकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिले बैठकमा आवश्यक्ता अनुसार उद्योग वाणिज्य तथा रोजगार क्षेत्रसँग सम्बन्धित विज्ञहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(४) स्टार्टअप उद्यम कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्टार्टअप उद्यममा कर्जा प्रवाहको लागि दफा ४ बमोजिमको मापदण्ड पूरा भएका उद्यमीबाट परियोजना प्रस्ताव आव्हान गर्ने,

(ख) स्टार्टअप उद्यमको लागि कर्जा माग गर्ने प्रस्तावित परियोजनाको विवरण तयार गर्ने,

(ग) प्रस्तावित परियोजनाको मूल्याङ्कन र छनौट गरी सूचि र कर्जा प्रवाहको सिमा सहित सम्बन्धित बैङ्क/वित्तिय/सहकारी संस्थालाई सिफारिस गर्ने,

(घ) कर्जा प्रवाहाको लागि छनौट भई सिफारिस गरिएका परियोजना सम्बन्धमा सम्बन्धित बैङ्क/वित्तिय/सहकारी संस्थालाई जानकारी गराउने,

(ङ) कर्जा संरक्षणका लागि समन्वय र सहजिकरण गर्ने गराउने,

(च) कर्जा प्रवाह गरिएका परियोजनाको प्रगतिको अवस्था र सोबाट प्राप्त उपलब्धि स्पष्ट खुलाई वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका समक्ष पेश गर्ने,

(छ) स्टार्टअप उद्यमको अनुगमन गर्ने गराउने,

(ज) कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

**७. स्टार्टअप उद्यमको समन्वय शाखाः- (**

१) स्टार्टअप उद्यमसँग सम्बन्धित आवश्यक कागजातको अभिलेख व्यवस्थापन र कार्यान्यन समितिको अभिलेख आर्थिक विकास शाखामा रहनेछ।

(२) उपदफा (१) बमोजिमको स्टार्टअप उद्यम र कर्जा प्रवाह सँग सम्बन्धित कार्यविधिमा उल्लेख भएको कार्यहरु सम्बन्धित शाखाको कर्मचारीले गर्ने व्यवस्था मिलाउनेछ।

(३) उपदफा (२) बमोजिम उल्लेखित कार्यहरु गर्ने क्रममा अतिरिक्त समयको आवश्यक्ता पर्ने भएको खण्डमा समितिको निर्देशन अनुसार आवश्यक बजेट व्यवस्था कार्यपालिकाले मिलाउनेछ।

(४) उपदफा (१) बमोजिम सम्बन्धित शाखाले कार्यपालिका र समितिको आदेश अनुसार अतिरिक्त देहायको कार्य गर्नेछः-

(क) कर्जा प्रवाहका लागि परियोजना प्रस्ताव आहवानका लागि सूचना प्रकाशन माग संकलन र अभिलेखीकरण गर्ने,

(ख) प्राप्त परियोजना प्रस्ताव दफा ४ बमोजिमको मापदण्ड अनुरुप भए वा नभएको सम्बन्धमा तुलनात्मक विवरण तयार गर्ने,

(ग) प्रस्तावित परियोजना मूल्याङ्कन छनौट र सिफारिस सम्बन्धी कार्यको लागि कार्यान्वयन समिति समक्ष पेश गर्ने,

(घ) कार्यान्वयन समितिले छनौट तथा सिफारिस गरेको परियोजनालाई कर्जा प्रवाहको लागि सम्बन्धित वित्तिय संस्थामा लेखि पठाउने, र

(ङ) कार्यान्वयन समितिले तोके बमोजिमका अन्य कार्य गर्ने।

**८. परियोजना प्रस्ताव आह्वान र पेश गर्नेः**

(१) समितिको निर्णयानुसार शाखाले यस कार्यविधि बमोजिम कर्जा लिन इच्छुक स्थानीय स्टार्टअप उद्यम गर्ने उद्यमीलाई पन्ध्र दिन भित्र परियोजना प्रस्ताव पेश गर्न नगरपालिकाको वेवसाइट सामाजिक संजाल तथा अन्य संचारका माध्यमबाट सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनाको अवधिभित्र कर्जा लिन दफा (४) बमोजिम योग्य उद्यमीले परियोजना प्रस्ताव पेश गर्न सक्नेछन। तर एक उद्यमीले एक भन्दा बढी प्रस्ताव पेश गर्न सक्नेछैन।

(३) उपदफा (२) बमोजिम पेश गर्ने प्रस्ताव अनुसूची -२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्न सक्नेछन्।

(४) उपदफा (२) र (३) बमोजिम पेश भएको प्रस्तावमा उल्लेख गरिएका सबै कागजात तथा विवरणहरु सत्य छन् भनी सम्बन्धित प्रस्तावकले स्वः घोषणा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्वः घोषणा गरिएको कागजात तथा विवरण झुटो रहेको पुष्टि भएमा त्यस्तो प्रस्ताव रद्द गरी प्रचलित कानून बमोजिम कारवाहीको लागि कार्यान्वयन समितिले कार्यपालिकामा लेखि पठाउनु पर्नेछ।त्यस्तो प्रस्तावकर्ता भविष्यमा आवेदन गर्न अयोग्य हुनेछ।

(६) यस दफा बमोजिम प्राप्त प्रस्तावहरु सम्बन्धित शाखाले रुजु गरी कार्यान्वयन समिति समक्ष पेश गर्नेछ र कार्यान्वयन समितिले आवश्यक जाचबुझगरी स्वीकृत गरेको प्रस्तावलाई कार्यपालिकाले अनुमोदन गर्नेछ ।

**९. परियोजना प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिसः**

(१) सम्बन्धित शाखाले दफा (८) को उपदफा (६) बमोजिम कार्यान्वयन सिमितिमा पेश भएको परियोजना प्रस्तावको मूल्याङ्कन गर्नु गराउनु पर्नेछ ।

(२) परियोजना प्रस्तावको मूल्याङ्कन समिति आफै वा प्रस्ताव मूल्याङ्कन उपसमिति गठन गरी गर्न सक्नेछ र त्यस्तो उपसमिति गठन गर्दा कर्जाको लागि प्राप्त भएको परियोजना प्रस्तावकको क्षेत्र समेतका आधारमा एक भन्दा बढी उप समिति रहन सक्नेछन्।

(३) उपदफा (२) बमोजिम उपसिमित गठन गर्दा उपलब्ध भएसम्म प्रस्तावित परियोजनाको क्षेत्र अनुरुपको विषय विज्ञ, उद्यमशिलता विज्ञ, कर्जा प्रवाह गर्न तोकिएको बैङ्क/वित्तिय /सहकारी संस्था र निजी उद्योगी व्यवसायीको संगठ्ठनबाट प्रतिनिधित्व गर्ने सदस्यलाई आमन्त्रित गर्न सक्नेछ।

(४) परियोजना प्रस्तावको मूल्याङ्कन गर्दा परियोजना प्रस्ताव र प्रस्तुतीकरण अनुसूची -३ अनुसार मूल्याङ्कन गर्नुपर्नेछः

(क) स्टार्टअप उद्यमका लागि तोकिएका मापदण्ड पूरा गरेको,
(ख) परियोजना सञ्चालनबाट अपेक्षित नवप्रवर्तनीय कार्य गरेको,
(ग) आगामी एक वर्ष भित्र पूर्णकालिन थप रोजगारी सृजनाको सम्भावना,
(घ) परियोजना उत्पादित वस्तु वा सेवा बिक्रीको बजारको सम्भावना,
(ङ) परियोजनामा प्रयोग हुने प्रत्यक्ष श्रमको स्रोत,
(च) परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चा पदार्थको स्रोत,
(छ) परियोजनाको विषय क्षेत्रमा उद्यमीको शैक्षिक योग्यता र अनुभव,
(ज) परियोजना विस्तार तथा पुनरावृत्तिको सम्भावना,
(झ) वस्तु तथा सेवा प्रवहाको गुणस्तर अभिवृद्धि र लागत न्यूनीकरण,
(ञ) परियोजना स्थलमा पूर्वधारको उपलब्धता,
(ट) सोचलाई उद्यमशीलतामा रुपान्तरण गर्न सकिने सम्भावना,
(ठ) जोखिम विश्लेषण तथा व्यवस्थापन,
(ड) प्रस्तुतीकरण क्रममा भएको छलफल अन्तरक्रिया,

(५) परियोजना प्रस्ताव मूल्याङ्कनको क्रममा परियोजना प्रस्तावक उद्यमीलाई स्वयं उपस्थित भई प्रस्तुतीकरण गर्न लगाउन सकिनेछ।

(६) उपदफा (४) बमोजिम मूल्याङ्कन गरिएको परियोजनाले प्राप्त गरेको अङ्क सहितको प्रतिवेदन प्रस्ताव मूल्याङ्कन उपसमितिले कार्यान्वयन समिति समक्ष पेश गर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा समितिले परियोजनाको एकीकृत मूल्याङ्कन प्रतिवेदन तयार गरी कर्जा प्रवाहको लागि प्राथमिकिकरण सहित उत्कृष्ट परियोजनाको छनौट गरी कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस गर्दा परियोजना प्रस्तावमा माग गरिएको कर्जा रकम जतिसुकै भएपनि कुनै एउटा उद्यमका लागि न्यूनतम एकलाख रुपैंया र अधिकतम दश लाख रुपैया भित्र रहि कर्जा प्रवाहको सिफारिस गर्नु पर्नेछ। तर कुनै पनि परियोजनाका लागि माग गरेको रकम भन्दा घटी रकमबाट उक्त परियोजना सञ्चालन हुने पर्याप्त आधार र कारण भएमा त्यस्तो आधार र कारण उल्लेख गरी उद्यमीले माग गरेको भन्दा घटी रकम कर्जा प्रवाहाको लागि सिफारिस गर्नुपर्नेछ।

(९) प्रस्तावित परियोजना समितिमा पेश भएको पन्ध्र दिनभित्र मूल्याङ्कन र छनौट गरी कर्जा प्रवाहको लागि सिफारिस गर्नु पर्नेछ।

(१०) उपदफा (७) बमोजिम सिफारिस भएको परियोजनाको विवरण कार्यपालिकाले वेभसाइटमा सार्वजनिनक गरी स्वीकृत बजेट र कार्यक्रमको परिधिभित्र रही प्रथमिकताको आधारमा कर्जा प्रवाहको लागि सम्बन्धित बैंक/वित्तिय/ सहकारी संस्थालाई लेखि पठाउनु पर्नेछ र सोको जानकारी तत्काल सम्बन्धित परियोजना प्रस्तावकलाई गराउनु पर्नेछ।

(११) उपदफा (७) बमोजिम सिफारिस भएको परियोजनाको विवरण नगरपालिकाले तत्काल सम्बन्धित कर्जा प्रवाह गर्ने बैंक/वित्तिय/ सहकारी संस्थालाई उपलब्ध गराउनु पर्नेछ।

(१२) उपदफा (७) बमोजिम सिफारिस गरिएको मितिले सात दिन भित्र सम्बन्धित परियोजना प्रस्तावकले कर्जा सम्झौता गर्न सम्बन्धित बैंक/वित्तिय/ सहकारी संस्थाको समन्वयमा नगरपालिकामा सम्पर्क गर्नुपर्नेछ। सो अवधि भित्र सम्पर्क गर्न नआउने प्रस्तावकको परियोजना प्रस्ताव र सिफारिस स्वतः रद्द हुनेछ।

(१३) उपदफा (१२) बमोजिम कुनै प्रस्ताव र सिफारिस रद्द भएमा उपदफा ७ बमोजिमको एकीकृत मूल्याङ्कन प्रतिवेदनबाट क्रमशः उच्च अङ्क प्राप्त गरेका वैक्लिपक परियोजनालाई कर्जा प्रवाहका लागि सिफारिस गर्न सकिनेछ।

**१०. सम्झौता तथा कर्जा प्रवाहः**

(१) नगरपालिकाले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने बैक/वित्तिय/ सहकारी संस्था तोक्नेछ।

(२) उपदफा १ बमोजिमको बैक/वित्तिय/सहकारी संस्थाले समितिबाट भएको सिफारिसको आधारमा सम्बन्धित प्रस्तावक उद्यमीलाई कम्तिमा तीन किस्तामा कर्जा प्रवाह गर्नुपर्नेछ र पहिलो किस्ता वापत स्वीकृत कर्जा रकमको पचास प्रतिशत रकम प्रवाह गर्नुपर्नेछ। अन्य किस्ताको रकम कार्यप्रगतिका आधारमा प्रवाह हुनेछ ।

(३) उपदफा (२) बमोजिम कर्जा प्रवाह गर्नु अघि बैक/वित्तिय संस्था/ सहकारीले कर्जा प्राप्त गर्ने तरिका कर्जाको सीमा किस्ता बुझाउनु पर्ने अवधि कर्जा चुक्ताका लागि साँवा फिर्ता र ब्याज भुक्तानी अवधि तथा प्रक्रिया समेत उल्लेख गरी सम्बन्धित प्रस्तावक उद्यमीसँग नगरपालिकाले सिफारिस गरेको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ। साथै उद्यमि, बैक/वित्तिय/सहकारी संस्था र नगरपालिकाले त्रिपक्षिय सम्झौता समेत गर्न सक्नेछन् ।

तर त्यस्तो सम्झौता गर्दा कर्जाको अवधि अधिकत्तम पाँच वर्ष नबढाई ढिलोमा कर्जा लिएको दोस्रो वर्षबाट साँवा फिर्ता प्रारम्भ हुने तर नगरपालिकाले उपलब्ध गराउने कर्जाको पूर्ण रुपमा उपलब्ध नगराए सम्म साँवा फिर्ता प्रारम्भ हुने छैन र ब्याजदर शुन्य देखी बढिमा तीन प्रतिशत कायम हुने गरी गर्नु पर्नेछ। कुनै आर्थिक वर्षका लागि लिइने व्याजदर कार्यान्वयन समितिले निर्धारण गरे बमोजिम हुनेछ । तर कुनै उद्यमलाई सम्झौताका वखत तोकेको व्याजदर परिवर्तन गर्न पाइने छैन ।

बैक/वित्तिय/सहकारी संस्थाले स्टार्टअप उद्यम कर्जा परिचालन व्यवस्थापनका लागि नगरपालिकाले तोकेको व्याजदरमा बढीमा १ प्रतिशत सम्म थप व्याजदर लिन पाउने छ। कर्जा प्रवाह गर्ने बैक/वित्तिय/सहकारी संस्थाले असुल उपर गरेको साँवा व्याज मध्ये उक्त बैक/वित्तिय/सहकारी संस्थाले लिन पाउने व्याजको रकम कटाइ नगरपालिकाले तोकेको खातामा जम्मा गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम बैक/वित्तिय/सहकारी संस्थाले उद्यमिसँग गरेको सम्झौताको जानकारी सम्झौता गरेको सात दिन भित्र सम्बन्धित शाखा र कार्यान्वयन समितिलाई दिनु पर्नेछ। त्रिपक्षिय सम्झौता भएको अबस्थामा जानकारी आबश्यक नहुने ।

(५) उपदफा (३) बमोजिम सम्झौता भएपछी सम्बन्धित बैक/वित्तिय/सहकारी संस्थाले उद्यमीलाई तीन कार्यदिन भित्र कर्जाको प्रथम किस्ता उपलब्ध गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम उपलब्ध गराइएको प्रथम किस्ताको रकम सम्बन्धित उद्यमीले स्टार्टअप उद्यममा कर्जा उपयोग गरेको पुष्टयाँइ सहित दोस्रो किस्ता माग गरेको बैक/वित्तिय/सहकारी संस्थाले स्थलगत निरिक्षण गरी प्रगतीको आधारमा स्वीकृत कुल कर्जा सीमा भित्र रहेर उद्यमीलाई दोस्रो किस्ता कर्जा उपलब्ध गराउनेछ।

(७) उपदफा (५) वा (६) बमोजिम उद्यमीलाई उपलब्ध गराएको कर्जाको कागजात समेत संलग्न गरी शोधभर्नाका लागि बैक/वित्तिय/सहकारी संस्थाले नगरपालिकासंग माग गर्नु पर्नेछ ।

**११. कर्जाको धितो तथा कर्जा सुरक्षणः**

(१) यस कार्यविधि बमोजिम बैक/वित्तिय/सहकारी संस्थाले कर्जा प्रवाह गर्दा स्वीकृत परियोजना र अन्य कानून बमोजिमको धितो राख्नेछ।

(२) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा बैक/वित्तिय/सहकारी संस्थाले प्रचलित कानून बमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषमा कर्जाको सुरक्षण गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कर्जा सुरक्षण गर्दा लाग्ने शुल्क निक्षेप तथा कर्जा सुरक्षण कोषले सम्बन्धित बैङ्क/वित्तिय /सहकारी संस्थामा माग गर्नु पर्नेछ।

**१२. कर्जा भुक्तानी अवधिः**

(१) यस कार्यविधि बमोजिम कर्जा लिएको उद्यमीले सम्झौता मा लेखिएको किस्ता बमोजिम कर्जाको साँवा र ब्याज चुक्ता गर्न चाहेमा चुक्ता गर्न सक्नेछ र सो बापत अतिरिक्त शुल्क लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम कर्जाको साँवा र ब्याज चुक्ता नगरेमा त्यस्तो उद्यमीलाई बैङ्क/वित्तिय/सहकारी संस्थाले प्रचलित कानून बमोजिम खराब कर्जामा गणना गरी चुक्ता गर्न बाँकी रकम सरकारी बाँकी सरह असुल गर्ने गराउनेछ।

**१३. प्रशिक्षण सम्बन्धि व्यवस्थाः**

(१) यस कार्यविधि बमोजिमको कर्जाबाट सञ्चालित स्टार्टअप उद्यमलाई उत्प्रेरित गरी उद्यमी तथा व्यवसायको काममा आत्मविश्वास बढाउन नगरपालिकाले तालिम सिप विकास वा क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।सो का लागि नगरपालिकाले छुट्टै बजेटको व्यवस्था गरी वा सम्बन्धित कोषबाट रकम खर्च गर्नेगरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**१४ समन्वय :**

नगरपालिकाले स्टार्ट अप उद्यम कार्यक्रम सञ्चालन गर्न, क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न र सो का लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोगका लागि संघ, प्रदेश अन्य स्थानीय तह तथा निजी क्षेत्र सहकारी गैर सरकारि संस्था तथा दातृ निकायसंग समन्वय गर्न सक्नेछ । अन्तर्राष्ट्रिय दातृ निकाय संगको समन्वय तहगत सरकारको स्वीकृतिमा कानूनले तोके बमोजिम हुनेछ ।

**१५. उद्यमीको दायित्व :** यस कार्यविधिमा अन्यत्र उल्लिखित दायित्व अतिरिक्त यस कार्यविधि बमोजिम कर्जा प्राप्त गरेका उद्यमीको दायित्व देहाय बमोजिम हुनेछः-

(क) कर्जा रकमलाई परियोजना प्रस्तावमा उल्लेख गरिए बमोजिमको उद्देश्यमा मात्र प्रयोग गर्ने

(ख) कर्जा सम्झौतामा उल्लेख गरिएबमोजिम कर्जाको साँवा र व्याज सहितको किस्ता रकम चुक्ता गर्ने

(ग) समिति तथा बैङ्क/वित्तिय/सहकारी संस्थाबाट गरिने अनुगमनको क्रममा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने

(घ) आफूले गरेको स्टार्टअप उद्यमको प्रगति प्रतिवेदन वार्षिक रुपमा समितिको सचिवालय र कर्जा प्रवाह गर्ने निकायमा पेश गर्ने

(ङ) परियोजना स्थलमा सर्वसाधारणले देख्ने गरी "शिवराज नगरपालिकाको सहुलियतपूर्ण स्टार्टअप कर्जा सुविधा प्राप्त उद्यम" लेखिएको बोर्ड राख्ने र

(च) समिति र बैङ्क/वित्तिय/सहकारी संस्थाले दिएको निर्देशनको पालना गर्ने।

**१६ बिमा गर्नु पर्ने :** उद्यमिले सम्बन्धित उद्यमको बिमा अनिवार्य रुपमा गर्नु पर्नेछ।

**१७. अनुगमन तथा प्रतिवेदन गर्नेः**

(१) यस कार्यविधि बमोजिम उपलब्ध कर्जाबाट सञ्चालित स्टार्टअप उद्यम स्थापनाको उद्देश्य र सम्झौता अनुरुप सञ्चालन भए वा नभएको सम्बन्धमा नगरपालिका सहजिकरण समिति तथा कर्जा प्रवाह गर्ने बैङ्क/वित्तिय/सहकारी संस्थाले आवधिक रुपमा अनुगमन गर्नेछ। त्यसरी अनुगमन गरेको प्रतिवेदन सात दिन भित्र अनुसूची-४ बमोजिमको ढाँचामा समितिको सचिवालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा सो कार्यमा सहयोग गर्नु कर्जा प्राप्त गर्ने उद्यमीको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा कानून विपरित हुने गरी कुनै उद्यम गरे वा गराएको पाइएमा अनुगमन गर्न खटिएको निकायको कर्मचारीले निश्चित समयावधि तोकी त्यस्तो उद्यममा सुधार गर्न सम्बन्धित उद्यमीलाई आवश्यक निर्देशन दिन सक्नेछ र सोको जानकारी समितिलाई समेत गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिएको निर्देशन अनुरुप निर्धारित समयावधिभित्र आवश्यक सुधार भएको नपाइएमा समितिले त्यस्तो उद्यमीलाई कर्जाको साँवा र व्याज तत्काल फिर्ता गर्न निर्देशन दिन सक्नेछ र सोको जानकारी कार्यपालिकालाई समेत गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निर्देशन दिँदा पनि त्यस्तो कर्जा फिर्ता नगरेमा त्यस्तो उद्यमीलाई बैङ्क/वित्तिय/सहकारी संस्थाले प्रचलित कानून बमोजिम कालो सूचीमा राखी बाँकी रकम सरकारी बाँकी रकम सरकारी बाँकी सरह असुल गर्ने गराउनेछ।

(६) स्टार्टअप उद्यम संचालन गर्ने उद्यमीले आफ्नो उद्यममा भएको प्रगति संचालनको अवस्था कठिनाई सम्बद्ध सरकारी निकाय र अन्य क्षेत्रबाट अपेक्षा गरेको सहयोग समेतका विषयहरु खुलाएर समिति समक्ष वार्षिक रुपमा प्रतिवेदनको रुपमा पेश गर्न सक्नेछ।

**१८. गुनासो सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधि बमोजिम समितिले सिफारिस गरेको आधारमा बैङ्क/वित्तिय/सहकारी संस्थाबाट कर्जा प्रवाह हुन नसक्ने कुनै मनासिव कारण भएमा सम्बन्धित निकायले सोको कारण खोली सम्बन्धित उद्यमीलाई लिखित जानकारी दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बैङ्क/वित्तिय/सहकारी संस्थाले कर्जा प्रवाह नगरेमा त्यस्तो उद्यमीले समिति समक्ष लिखित गुनासो गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै गुनासो प्राप्त भएको मितिले पन्ध्र दिन भित्र छानविन गरी त्यस्तो गुनासो सम्बोधन गर्न समितिले बैङ्क/वित्तिय/सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निर्देशन पालना गर्नु बैङ्क/वित्तिय/सहकारीको संस्थाको कर्तव्य हुनेछ।

**१९. पुरस्कृत गर्न सक्नेः**

यस कार्यविधि बमोजिम कर्जा प्राप्त गरी प्रभावकारी रुपमा परियोजना कार्यान्वयन गरेर स्टार्टअप उद्यमको विस्तार गर्ने उकृष्ट उद्यमिलाई कार्यपालिकाको सिफारिसमा नगरसभाले पुरस्कृत गर्न सक्नेछ।

**२०. असल नियत र जवाफदेहिताः**

(१) यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्ने क्रममा मूल्याङ्कन उपसमिति कार्यान्वयन समिति प्रति र समिति कार्यपालिका प्रति जवाफदेही हुनेछ।

**२१. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**२२. आवश्यक व्यवस्था मिलाउन सक्ने :**

यस कार्यविधि अनुसार कार्यान्यिन गर्न दुविधा वा कुनै बाधा उत्पन्न भएको खण्डमा कार्यपालिकाले नेपाल सरकारको संघिय कार्यविधिलाई आधार लिई बाधा अड्काउ फुकाउन तथा यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

## अनुसूची -१

### (दफा ८ सँग सम्बन्धित)

### प्रस्ताव आह्वान गर्ने सूचनाको ढाँचा

शिवराज नगरपालिका स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२ बमोजिम स्टार्टअप उद्यमको दफा ४ बमोजिम योग्यता पुरा गरेका दफा ५ बमोजिमको क्षेत्रमा नवीनतम ज्ञान सोच सीप र क्षमता भएका स्टार्टअप उद्यम कर्जा लिन इच्छुक उद्यमीले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र अनुसंची - २ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**अनुसूची -२**

**(दफा ८ को उपदफा ३ सँग सम्बन्धित)**
**उद्यमीले पेश गर्ने परीयोजना प्रस्तावको ढाँचा**

**क. प्रस्तावको परिचयः**

१. प्रस्तावकको किसिम (कुनै एकमा चिन्ह लगाउने):

(क)साझेदारी फर्म (ख)कम्पनी (ग)सहकारी (घ)प्रतिष्ठान/समूह (ङ)उद्योग/व्यवसाय

२. साझेदारी फर्म वा कम्पनीको विवरणः

(क) साझेदारी फर्म/कम्पनी/उद्योग/व्यवसाय को नामः ..................................................
शुरु दर्ता भएको निकायः-....................................
दर्ता मितिः ............................................ दर्ता नम्बर .................
स्थायी लेखा नम्बरः ..............................
कारोबार सुरु गर्न इजाजत आवश्यक पर्ने साझेदारी फर्म/कम्पनी/उद्योग/व्यवसाय को हकमा इजाजत जारी गर्ने निकायः ...............................
इजाजत प्राप्त मितिः ..................................
बहाल रहने अवधीः ..........................................

(ख) मुख्य कारोबार स्थल वा कार्यालय रहेको ठेगानाः
वार्ड नं.............
टोल..........................
टेलिफोन नं...........................
ईमेल.........................

(ग) आधिकारिक प्रतिनिधिको नाम थरः...........................
पद/दर्जा ...................................................
टेलिफो नं............................
मोबाइल नः................................
ईमेल....................................

३. साझेदार वा संचालकहरुको विवरण

क. नामः .........................................................
नागरिकता नम्बरः ................
जारी गरिएको जिल्ला: .......................
जारी मितिः .................
स्थायी ठेगानः
प्रदेश..................
जिल्ला..........................

न.पा................................
वार्ड नं.........................
टोल.................................
हालको बसोबास प्रदेशः.....................
जिल्ला.....................
न.पा................................
वार्ड नं:........................
टोल:..........................
टेलिफोन नं: ...................
मोबाइल नं: ......................
इमेल: ..............................

**ख. प्रस्तावित परियोजना सम्बन्धी विवरणः**

१. परियोजनाको परिचय
२. परियोजनाको उद्देश्य
३. उद्यम क्षेत्र
४. परियोजनाको कुल अनुमानित लागत रु.......................
५. हाल सम्म परियोजनामा भएको खर्च रु ............................
६. परियोजना विश्लेषणः....................................................

क.स्टार्टअप उद्यमको रुपमा रहने आधार( दफा ४ अनुसारका मापदण्ड, सम्बन्धित सबैमा चिनो लगाउने):

I. उद्यम वा व्यवसाय स्थापना वा संचालन भएको सात वर्ष नाघेको/ननाघेको
II. चुक्ता पूँजी रु
III. उद्यमको कुल आय
IV. स्थिर पूँजी (घर जग्गाको मूल्य बाहेक)
V. उद्यममा पूर्णकालिन कामदारको संख्या
VI. कुनै वुस्तु वा सेवाको उत्पादन वा वितरण प्रक्रियामा उपभोक्ताले भोग्दै आएको समस्यालाई समाधान गर्न सूचना प्रविधिको उपयोग एवं सृजनशिल सोचको प्रयोगः भएको.........नभएको...
VII. उद्यमले वार्षिक रुपमा गर्ने कूल खर्चको कम्तिमा ५ प्रतिशत अंश उत्पादन विकास तथा विकास एवं अनुसन्धान र विकासमा खर्च गर्ने गरेकोः छ............छैन....................
VIII. उद्यमको बौद्धिक सम्पत्तिको पेटेण्ट वा डीजायन वा सफ्टवेयर दर्ता भएको वा पेटेण्ट वा डिजायन वा सफ्टवेर दर्ता गर्न योग्य रहेको छ............... छैन..................
IX. गत आर्थिक वर्षको कुल खर्च रु....................................सोही अवधिमा अनुसन्धान बजारीकरण वा वस्तु तथा सेवा विकासका लागि गरिएको खर्च रु............. अनुपात प्रतिशत..
X. साझेदार/शेयरधनिले हालसम्म गरेको स्वलगानी (चुक्ता पुँजी )रु................कर्जाको प्राप्तिको लागि माग गरिएको रकम रु....................कर्जा माग/चुक्ता पुँजी अनुपातः......... प्रतिशत
XI. वस्तु वा सेवाको खरिद बिक्रीको (उजेन्सी मोडलको) कार्य गर्नेः हो............हैन................
XII. भइरहेको अन्य कम्पनीलाई टुक्र्याएर प्रस्तावित व्यवसाय बनाइएकोः हो..............होइन.......
XIII. गत आर्थिक वर्षको व्यवसायिक कारोबारः रु.................अनुपातः...............प्रतिशत

XIV. कर्जा सूचना केन्द्रको कालो सूचीमाः रहेको.................नरहेको......................

XV. प्रस्तावित परियोजनाको लागि नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहबाट हाल सम्म अन्य कुनै अनुदान वा सहुलियतः लिएको.................. नलिएको...........................

XVI. प्रस्तावित परियोजनाको उद्देश्यः नाफामूलक...................गैरनाफामूलक.................

**ग.** परियोजना सञ्चालनबाट हुने नवप्रवर्तनीय कार्य (मिल्ने कुनै एकमा चिनो लगाउने)

- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समय प्रणालीमा नविन पद्धतिको विकास......
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको खास क्षेत्रमा नवीन पद्धतिको विकास........
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको कुनै प्रक्रियामा नवीन पद्धतिको विकास.......

**त्यस्तो नवीन पद्धति सम्बन्धि संक्षिप्त विवरण ५० शब्दमा नबढ्ने गरिः...............................................................................................**

**घ** आगामि एक वर्षको अवधीमा थप रोजगारी सिर्जनाको सम्भाव्य संङ्ख्या......

**ङ** परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रिको बजार

- स्वदेशी बजार...........अन्तरार्ष्ट्रिय बजार..............स्वदेशि तथा अन्तरार्ष्ट्रिय बजार..................

**च** परियोजनामा प्रयोग हुने प्रत्यक्ष श्रमको स्रोत

- पूर्णरुपमा स्वदेशी.........................................पूर्णरुपमा वैदेशिक.............अधिकतम स्वदेशी..............अधिकतम वैदेशिक

**छ** प्रस्तावित परियोजनाको विषयक्षेत्रमा मुख्य उद्यमीको शैक्षिक योग्यताः

- १२ कक्षा वा सो भन्दा कम...............स्नातक तह ................ स्नातकोत्तर तह वा सो भन्दा बढी...........
- पछिल्लो शैक्षिक योग्यताको प्रमाण पत्र पेश गर्ने

**ज** प्रस्तावित परियोजनाको विषयक्षेत्रमा मुख्य उद्यमीको अनुभवः

- अनुभव नभएको........२ वर्ष भन्दा कम अनुभव भएको..........२ वर्ष वा सो भन्दा बढीको अनुभव भएको....
- अनुभवको प्रमाणपत्र पेश गर्ने

**झ** जोखिम विश्लेषण तथा व्यवस्थापनः

- परियोजनाको जोखिम विश्लेषण कार्य गरिएकोः छ.............. छैन...................
- गरिएको छ भने जोखिमको विषय ५० शब्दमा नबढ्ने गरी
- जोखिम न्यूनिकरण तथा व्यवस्थापनको योजना...........

**ञ** प्रस्तावित परियोजना विस्तार तथा पुनरावृतिको सम्भावन

- परियोजनामा आगामी १ वर्ष भित्र लगानी तथा उत्पादन वृद्धिको सम्भावनाः छ.......... छैन...........
- परियोजनामा वौद्धिक सम्पत्ति दर्ता भएकोः छ..................छैन.....................
- परियोजनामा विदेशी पूँजी लगानी भएको छ...................छैन.....................
- यदी छ भने त्यस्तो लगानी रु.....................स्रोत मुलुक.....................
- परियोजनाले प्रसिद्ध विदेशी ब्राण्ड वा फ्रयान्चाइज उपयोगको विशेषाधिकार लिएको छ.......... छैन..........
- अवधीः.......................

**ट** प्रस्तावित परियोजनाको कार्यान्वयनबाट वस्तु वा सेव प्रवाहमा हुने सुधार

- वीद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि हुनेः हुन्छ.............हुदैन.............

- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको वित्तिय लागत घटाउनेः घटाउँछ...........घटाउदैन..........
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समय घटाउनेः घटाउँछ........ घटाउँदैन............

**ठ** परियोजनाको बारेमा लेख्ने :

- सबल पक्ष.........
- कमजोर पक्ष...........
- अवसर...............
- चुनौती...............

**ड** परियोजनाले वस्तु वा सेवा उत्पादन र बिक्रि वितरण आरम्भ गरेको मिति...................

आरम्भ हुने अपेक्षित मिति......................

**ढ** परियोजना मुनाफामा जाने अपेक्षित आर्थिक वर्षः................

**ण** परियोजना स्थलमा पूर्वाधारको अवस्था:

- विद्युत...........
- .सडक............
- .सञ्चार..............
- .खानेपानी..............
- भवन....................

**ग प्रस्तावको साथमा संलग्न गर्नु पर्ने कागजातः**

१ फर्म/कम्पनी वा उद्योग/व्यवसायको दर्ता प्रमाणपत्रको प्रतिलिपि

२ स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी,

३ अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

४ अघिल्लो वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,

५ फर्म/कम्पनी वा उद्योगको आधिकारिक प्रतिनिधिको नागरिकता प्रमाणपत्रको प्रतिलिप,

६ साझेदारी फर्म/कम्पनी वा उद्योग/व्यवसायका हकमा सबै साझेदारहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिप,

७ नविनत्तम ज्ञान सीष तथा प्रविधिको प्रयोग भएको पुष्टयाँइ वा स्व घोषणा,

८ कर्मचारी/कामादार/श्रमिकको अघिल्लो आर्थिक वर्षको वार्षिक तलवी विवरणको प्रतिलिपि ।

## अनुसूची-३

**(दफा ९ सँग सम्बन्धित)**

**परियोजना प्रस्ताव मूल्याङ्कनको आधार र ढाँचा**

| क .स | मूल्याङ्कनका आधार | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| क | **वस्तुगत मूल्याङ्कन** | | |
| १ | **स्टार्टअप उद्यमका लागि तोकिएको मापदण्ड पूरा गरेको (कुनै एक)** | २२ | |
| | १ न्यूनत्तम ३ वटा मापदण्ड पूरा भएको-१० | | |
| | २ तोकिएको सबै मापदण्ड पूरा भएको -१२ | | |
| २ | **परियोजना सञ्चालनबाट अपेक्षित नवप्रवर्तनीय कार्य कुनै एक** | | |
| | १ विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समग्र प्रणालिमा नवीन पद्धतिको विकास-१२ | | |
| | २ विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको खास क्षेत्रमा नवीन पद्धतिको विकास-९ | २९ | |
| | ३ विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको कुनै प्रक्रियामा नवीन पद्धतिको विकास-८ | | |
| ३ | **आगामी १ वर्ष भित्र पूर्णकालिन थप रोजगारी सृजनाको सम्भावना** | | |
| | १ ३ जना सम्म थप रोजगारी सृजना गर्ने-६ | ३६ | |
| | २ ३ भन्दा माथि ७ जना सम्म थप रोजगारी सृजना गर्ने-८ | | |
| | ३ ७ भन्दा माथि १५ जना सम्म थप रोजगारी सृजना गर्ने-१० | | |
| | ४ १५ भन्दा बढी थप रोजगारी सृजना गर्ने-१२ | | |
| ४ | **परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रिको बजारको सम्भावना** | | |
| | १ स्थानीय बजारको सम्भावना-८ | ३० | |
| | २ राष्ट्रिय बजारको सम्भावना-१० | | |
| | ३ स्वदेशि तथा अन्तराष्ट्रिय दुवै बजारको सम्भावना-१२ | | |
| ५ | **परियोजनामा प्रयोग हुने प्रत्यक्ष श्रमको स्रोत** | | |
| | १ पूर्णरुपमा स्थानीय श्रमिकको प्रयोग-१० | २२ | |
| | २ न्यूनतम ५० प्रतिशत स्थानिय श्रमीकको प्रयोग-८ | | |
| | ३ ५० प्रतिशतभन्दा घटी स्थानिय श्रमिकको प्रयोग-४ | | |
| ६ | **परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चा पदार्थको स्रोत** | | |
| | १ पूर्णरुपमा स्थानिय कच्चा पदार्थमा आधारित-१० | २० | |

| | | | |
|---|---|---|---|
| | २ न्यूनतम ५० स्थानिय कच्चा पदार्थमा आधारित -६ | | |
| | ३ ५० प्रतिशतभन्दा कम स्थानिय कच्चा पदार्थमा आधारित-४ | | |
| ७ | **परियोजनाको विषयक्षेत्रमा उद्यमीको शैक्षिक योग्यता र अनुभव** | | |
| | १ स्नातक वा सो भन्दा माथिल्लो तहको शिक्षा हासिल गरेको-२ | ३ | |
| | २ न्यूनतम २ वर्षको कार्य अनुभव हाँसिल गरेको-१ | | |
| ८ | **परियोजना विस्तार तथा पुनरावृत्तिको सम्भावना** | | |
| | १ परियोजनाले उत्पादित वस्तु ब्राण्डिङ गरी विस्तार गरेमा-८ | १४ | |
| | २ आगामी १ वर्प भित्र लगानी तथा उत्पादन वृद्धिको सम्भावना रहेको-२ | | |
| | ३ परियोजनाको बौद्धिक सम्पत्ति दर्ता भएको-२ | | |
| | ४ परियोजनामा विदेशी पुँजी लगानी भएको -२ | | |
| ९ | **वस्तु तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि र लागत न्यूनीकरण** | | |
| | १ विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको वित्तीय लागत घटाउने-३ | ५ | |
| | २ विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको कूल समय घटाउने-२ | | |
| १० | **परियोजना स्थलमा पूर्वाधारको उपलब्धता** | | |
| | १ भवन-२ | | |
| | २- सडक-२ | ७ | |
| | ३- सञ्चार-१ | | |
| | ४- खानेपानी -१ | | |
| | ५- विद्युत-१ | | |
| **ख** | **विषयगत मूल्याङ्कन** | | |
| ११ | सोचलाई उद्यमशीलतामा रुपान्तरण गर्न सकिने सम्भावना | | |
| | १ स्पष्ट दृष्टिकोण सहितको योजना-१ | | |
| | २ प्राविधिक रुपमा सम्भाव्य-१ | ४ | |
| | ३ आर्थिक स्रोत व्यवस्थापनको सम्भावना-१ | | |
| | ४ सामाजिक तथा सांस्कृतिक रुपले स्वीकारयोग्य-१ | | |
| १२ | **जोखिम विश्लेषण तथा व्यवस्थापन** | | |
| | १ प्रस्तावित परियोजनाको जोखिम विश्लेषण-२ | | |
| | २ जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना-२ | ४ | |
| १३ | **प्रस्तुतीकरणको क्रममा भएको छलफल अन्तरक्रिया** | | |
| | १ परियोजना प्रतिको आत्मविश्वास-१ | | |
| | २ परियोजनासँग अन्तरसम्बन्धित विषयको वोध-१ | ४ | |

| | | | |
|---|---|---|---|
| | ३ परियोजनाको SWOT Analysis गर्न सक्ने क्षमता-१ | | |
| | ४ रणनीतिक कुशलता-१ | | |
| | | | |
| | | | |

**अनुसूची -४**
**(दफा १७ सँग सम्बन्धित)**
**अनुगमन प्रतिवेदनको ढाँचा**

१ परियोजनाको नामः.................................................

ठेगानाः................................................
सम्पर्क टेलिफोन/मोबाइल नः......................

२ परियोजना कार्यान्वयन गर्ने उद्यमीको नामः..................................................

३ परियोजना स्वीकृत भएको मितिः............................................

४ प्रस्तावक र बैङ्क/सहकारी/वित्तिय संस्था विच कर्जा सम्झौता मितिः......................................

५ परियोजनामा प्रवाह गरिएको कर्जा रकम जम्मा रु................................
प्रथम किस्ता कर्जाःलिएको/नलिएको (लिएको भए कर्जा रुः........................मिति........................)
दोस्रोकिस्ता कर्जाः लिएको/नलिएको (लिएको भए कर्जा रुः........................मिति........................)

६ कर्जाको किस्ता भुक्तानीको अवस्थाः...............................................

७ परियोजनाको सुरु मितिः...........................

८ परियोजना सम्पन्न हुनु पर्ने मिति....................................

९ परियोजनाको शुरु लागत रकमः

१० परियोजनामा कार्यरत पूर्णकालिन कामदारको संख्याः.............................

११ परियोजनाको प्रशिक्षक( मेन्टर ) को नाम (भएमा)...........................
टेलिफोन/मोबाइल नं......................................

१२ यसअघि भएको अनुगमन गर्ने निकाय...................................
मिति...............................
अनुगमन गर्ने निकाय..............................
मिति.....................................................
अनुगमनगर्ने निकाय...............................
मिति...............................
अनुगमन गर्ने निकाय..............................

१३ परियोजनाको शुरु मूल्याङ्कन तथा छनौट गर्दा लिइएका आधारहरु बमोजिम प्रगतिको अवस्थाः

| क्र. सं | अनुगमन सूचकहरु | एकाई | प्रगतिको अवस्था | सुधार गर्नुपर्ने विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | कर्जा रकम मध्येको यथार्थ खर्च | प्रतिशत | | | |
| २ | उद्यममा भएको कच्चा पदार्थको प्रयोग | परिमाण जनाउने | | | |
| ३ | कार्यरत जनशक्तिको संख्या | जना | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | उत्पादन शुरु भएको मिति | मिति | | | |
| ५ | हाल उत्पादन तथा बिक्री भएको परिमाण | टन/....... | | | |
| ६ | कारोबारमा भएको वृद्धि | प्रतिशत | | | |
| ७ | थप भएका पूर्वाधार | विवरणहरु | | | |
| ८ | नाफा नोक्सानको अवस्था | रु | | | |
| ९ | स्वदेशी कच्चा पदार्थ प्रयोगको अनुपात | प्रतिशत | | | |
| १० | महिला/युवा उद्यमीको सहभागिता | संख्या/प्रतिशत | | | |
| ११ | वातावरणीय प्रभाव | | | | |
| १२ | सामाजिक प्रभाव | | | | |
| १३ | आर्थिक अवस्थामा सुधार | | | | |

क ................

ख.................

ग..................

घ..................

१४ परियोजना कार्यान्वयनमा देखिएका समस्या र कारणः..........................................

१५ समस्या समाधान गर्न सम्बन्धित तहबाट भएको प्रयासः.........................................

१६ समस्या समाधान गर्ने जिम्मेवार निकाय/अधिकारीः.................................................

१७ अनुगमन गर्ने अधिकारीबाट दिएका मुख्य सुझावः..................................................

१८ दिएका सुझावमा उद्यमीको प्रतिक्रियाः................................................................

१९ अनुगमन मितिः.............................................................................................

२० अनुगमन गर्ने अधिकारीको नामः.......................................................................

अनुगमनकर्ताको नामः.................................................पद...........................दस्तखत.................

अनुगमनकर्ताको नामः.................................................पद...........................दस्तखत.................

अनुगमनकर्ताको नामः.................................................पद...........................दस्तखत.................

*प्रमाणिकरण मितिः २०८२/०८/१९*

*आज्ञाले,*
*पिताम्बर पाण्डे*
*प्रमुख प्रशासकीय अधिकृत*